नेपाल सरकार
अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

लाजिम्पाट, काठमाण्डौं

## सार्वजनिक परिपत्र

आर्थिक वर्ष २०७५/७६ मा बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थालाई लाग्ने करको दरमा केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले मिति २०७५/११/१९ गते आयकर ऐन, २०५८को अनुसूची-१ को दफा २ को उपदफा (३)(ख)(३) मा संशोधन गरी करको दरमा छुट सुविधा उपलव्ध गराएको हुँदा सहकारी ऐन, २०७४ बमोजिम दर्ता भई वित्तीय लगायत बहुउद्देश्यीय कारोवार गर्ने गरी नियामक निकायबाट स्वीकृत भएको विधान बमोजिम वचत तथा ऋणको कारोवार गर्ने सबै किसिमका सहकारी संस्थाले वचत तथा ऋणको कारोवार र अन्य कारोवारको अलग अलग आय व्यय देखिने गरी हिसाब तयार गरी स्वीकृत लेखापरीक्षकबाट प्रमाणित गराएको वित्तीय प्रतिवेदन समेत संलग्न गरी वचत तथा ऋणको कारोवार र अन्य कारोवारको अलग अलग आय विवरण पेश गरेमा बचत तथा ऋणको करयोग्य आयमा मात्र सहकारी संस्थालाई लाग्ने करको दरमा छुट सुविधा पाउने विभागको निर्णयानुसार आयकर ऐन, २०५८ को दफा ७५ बमोजिम सार्वजनिक परिपत्र जारी गरिएको छ।